# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं चैत्र २४ गते २०१५ साल

श्री ५ को सरकार

### गृहमन्त्रालयको सूचना

(१) २०१६ साल बैशाख १ गते देखि ऐ चैत्र मसान्त तक वर्ष एकमा देहायबमोजिम सार्वजनिक विदा र अरू पर्व बिदाहरू दिने श्री ५ को सरकारले मिति ०१५।१२।१।१ मा निर्णय गरेकोले, सबै सरकारी अड्डा र सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

(क) हरेक शनिश्चर बार दिन ५२

१. बैशाख ५।१२।१९।२६ गते दिन ४

२. ज्येष्ठ २।९।१६।२३।३० गते दिन ५

३. आषाढ ६।१३।२०।२७ गते दिन ४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

४. श्रावण ३।१०।१७।२४।३१ गते दिन ५
५. भाद्र ६।१३।२०।२७ गते दिन ४
६. आश्विन ३।१०।१७।२४।३१ गते दिन ५
७. कार्तिक ७।१४।२१।२८ गते दिन ४
८. मंसिर ६।१३।२०।२७ गते दिन ४
९. पौष ४।११।१८।२५ गते दिन ४
१०. माघ २।९।१६।२३ गते दिन ४
११. फाल्गुन १।८।१५।२२।२९ गते दिन ५
१२. चैत्र ६।१३।२०।२७ गते दिन ४

(ख) अरू पर्व बिदाहरू

१. संक्रान्ति बिदा दिन ३
(क) मेष संक्रान्ति बैसाख १ गते मङ्गलवार दिन १
(ख) कर्कट संक्रान्ति श्रावण १ गते बृहस्पतिबार १
(ग) मकर संक्रान्ति माघ १ गते शुक्रवार १

२. चैत्राष्टमी चैत्र दशैं बिदा दिन २
(क) बैशाख ३ गते वहस्पतिबार १
(ख) चैत्र २२ गते सोमबार १

३. जन्म जयन्ती बिदा दिन ७
(क) श्री राम जयन्ती चैत्र शुक्ल नवमी बिदा दिन २
बैसाख ४ गते शुक्रबार १
चैत्र २३ गते मङ्गलबार १

(ख) अरू जन्म जयन्ती बिदा दिन ५
श्री बौद्ध जयन्ती ज्येष्ठ ८ गते शुक्रबार १
श्री ५ महाराजाधिराजको जन्मोत्सव आषाढ १६ गते मङ्गलवार १
श्री ५ त्रिभुवन जयन्ती आषाढ १७ गते बुधबार १
श्री कृष्ण जयन्ती कृष्णाष्टमी भाद्र १० गते बुधवार १
श्री ५ पृथ्वी जयन्ती पौष २७ गते सोमबार १

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. ठूलो एकादशी बिदा दिन २

श्री हरिशयनी एकादशी श्रावण १ गते बृहस्पतिबार १

श्री हरिबोधनी एकादशी कार्तिक २४ गते बुधवार १

५. स्कूल कलेजका छात्राहरू र अध्यापिकाहरूलाई श्रावण कृष्ण १४ घण्टाकर्ण चतुर्दशीः श्रावण १६ गते सोमबार बिदा दिन १

६. श्री ऋषि तर्पणी रक्षाबन्धनःजनै पूर्णिमाःभाद्र २ गते मङ्गलबार बिदा दिन १

७. श्री हरि तालिका तीजको स्त्रीजातिलाई तीजको दिन शनिश्चरबार परेकोले सो बाहेक गरी निम्न बमोजिमको बिदा दिन २

श्री गणेश चौथी भाद्र २१ गते आदित्यबार १

श्री ऋषि पंचमी भाद्र २२ गते सोमबार १

८. बडा दश बिदा — -- — -- — --

(क) अदालत स्कूल पाठशाला कलेज महाबिद्यालयहरूलाई घटस्थापना आश्विन १७ गते शनिश्चरबार देखि आश्विन ३० गते पूर्णिमा शुक्रबार तक दिन १४

(ख) अरू अड्डा खानाहरूको निमित्त दिन १०

घटस्थापना आश्विन १७ गते शनिश्चरबार १

सप्तमीः (फुलपाती) आश्विन २२ गते बृहस्पतिबारदेखि आश्विन ३० गते पूर्णिमा शुक्रबार तक दिन ६

९. यम पञ्चक तिहार बिदा दिन ३

श्री लक्ष्मीपूजा कार्तिक १४ गते शनिश्चरबार १

श्री गोवर्धनपूजा (म्हपूजा) कार्तिक १५ गते आदित्यबार १

श्री भाईटीका (कीजःपूजा) कार्तिक १६ गते सोमबार १

१०. श्रीपञ्चमी बसन्त श्रवण माघ १६ गते मङ्गलवार बिदा दिन १

११. प्रजातन्त्र दिवस फाल्गुन ७ गते शुक्रबार बिदा दिन १

१२. श्री महाशिवरात्रि फाल्गुन १२ गते बृहस्पतिबार बिदा दिन १

१३. फागुको बिदा -- -- -- -- -- -- --

(क) सदरका निमित्त फाल्गुन शुक्ल द्वादशी फाल्गुन २७ गते बृहस्पति बार दिन १

(ख) मोफसलका निमित्त फाल्गुन शुक्ल पूर्णिमा फाल्गुन ३० गते आदित्यबार दिन १

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) कलेज स्कूल महाविद्यालय पाठशालाहरूमा समेत पढ्ने पढाउने स्त्रीजातिलाई फाल्गुन शुक्ल द्वादशी फाल्गुन २७ गते बृहस्पतिवार देखि पूर्णिमा फाल्गुन ३० गते आदित्यवार तक दिन ४

१४. उपत्यकाको निमित्त जात्रा बिदा दिन ३

श्री गाईजात्रा भाद्र ३ गते बुधवार १

श्री इन्द्रजात्रा भाद्र ३१ गते बुधवार १

श्री अश्व (घोडे) जात्रा चैत्र १३ गते शनिश्चरवार १

१५. संस्कृत पाठशाला महाविद्यालयका निमित्त प्रतिपदा र अष्टमीबिदा गरी दिन ४९

(अ) प्रतिपदा वैशाख ११।२५ ज्येष्ठ ६।२४ आषाढ ७।२३ श्रावण ६।२१ भाद्र ३।१६ आश्विन १।१७।३१ कार्तिक १५ मंसिर १।१६ पौष १।१५।३० माघ १५ फाल्गुन १।१५ चैत्र १।१५ गते समेत गरी दिन २४

(आ) अष्टमी वैशाख ३।१७ ज्येष्ठ २।१६।३१ आषाढ १४।२६ श्रावण १३।२८ भाद्र १०।२५ आश्विन ६।२३ कार्तिक ८।२२ मंसिर ८।२२ पौष ८।२२ माघ ७।२२ फाल्गुन ८।२२ चैत्र ७।२२ गते समेत गरी दिन २५

(ग) पाठशाला संस्कृत पाठशाला महाविद्यालयलाई गुरू पूर्णिमा श्रावण ५ गते सोमवार पाउने बिदा दिन १

(घ) आयुर्वेद तर्फकाले धन्वन्तरी जयन्ती कार्तिक १२ गते बृहस्पतिवार पाउने बिदा दिन १

(ङ) मधेश तराई तर्फका निमित्त छठको चाहाड मनाउन निमित्त कार्तिक शुक्ल षष्टी कार्तिक २० गते शुक्रबारका पाउने बिदा दिन १

(च) स्कूल पाठशाला कलेज महाविद्यालय युनिभर्सिटी समेतलाई गर्मी ठाउँका निमित्त वर्षामा र ठण्डी ठाउँका निमित्त मीनपचास समेत गरी पाउने बिदा मैन्हा २ को दिन ६०

(छ) अंग्रेजी स्कूलहरूमा हरेक शुक्रबार दिनको १ बजे छुट्टी पाउने हुनाले पाठशाला र संस्कृत पाठशाला महाविद्यालयहरूमा पनि हरेक पूर्णिमा र औंसीका दिन दिनको १ बजे छुट्टी पाउने दिन २८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) ललितपुर श्री मत्स्येन्द्रनाथको भोटोदेखाउने जात्राका दिन उपत्यका भित्रका अड्डाखानाहरूलाई दिनको २ बजे बिदा छाडीदिने ।

(३) नेपाल सहीद दिबस मनाउने माघ १६ गते उपत्यका भित्रका सबै अड्डा-खानाहरूलाई आधा दिन अर्थात दिनको १॥ बजे बिदा छाडीदिनु पर्नेमा सो दिन शनिश्चरवार परेकोले आवश्यक नपर्ने ।

(४) स्कूल कलेज पाठशाला महाविद्यालय समेतका हकमा साविक जो चलेको छ सोहि कायम राख्न अड्डाखानाहरूका हकमा वैसाख १ गतेदेखि चैत्र मसान्तसम्म बेहान ११ बजे हाजिर भै मार्ग, पौष र माघ महिना तिन बेलुकी ४ बजे र अरू वैसाख, ज्येष्ठ, आषाढ, श्रावण, भाद्र, आश्विन, कार्तिक, फाल्गुन, चैत्र महिना ६ बलुकी ५ बजे छाड्ने ।

(५) उपस्थितिका निमित्त तोकिएका ठाउँमा तोकिए बमोजिमको समयमा तोकिए अनुसार पछि सूचना भए बमोजिम गर्ने ।

(क) श्री ५ महाराजाधिराजका वाहुलीबाट टीका थाप्ने ।

(ख) श्री ५ त्रिभुवन जयन्तीमा उपस्थित हुने ।

(ग) श्री ५ पृथ्वीजयन्तीमा उपस्थित हुने ।

(घ) श्री ५ महाराजाधिराजबाट बसन्त श्रवण गरिबक्सने ।

(ङ) श्री ५ महाराजाधिराज सरकारका दरबारमा फागु हुने ।

(च) श्री ५ का सरकारको घोडेजात्राको तमासामा उपस्थित हुने ।

(छ) श्री नेपाल प्रजातन्त्र दिबस मनाउन उपस्थित हुने ।

(ज) श्री बडा दशैंको फुलपातीको निमित्त उपस्थित हुने ।

(६) श्री ५ महाराजाधिराजको दरबारमा फागु भएमा उपस्थित हुनेहरूको निमित्त लुगा धुन र सफासुग्घर हुनलाई तेस्को भोलिपल्ट त्रयोदशीका दिन अर्थात् फाल्गुन २८ गते शुक्रबारका दिन १ एक बिदा पाउने छ ।

(७) अरू भै परी आएकोमा आवश्यक अनुसार उसै बखत चाहिने सूचना हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।